काठमाडौं महानगरपालिकाको २८ औं नगरपरिषदबाट पारित
२०७३/३/२९

# यात्रु प्रतीक्षालय निर्माणसम्बन्धी मापदण्ड, २०७३

**१. प्रस्तावना**

काठमाडौं महानगर क्षेत्रभित्रका मुख्य मुख्य सडक तथा चोकमा यात्रुहरुको सुविधाको लागि निर्माण गरिने यात्रु प्रतिक्षलय निर्माण गर्दा न्यूनतम सेवा सुविधा, भौतिक पूर्वाधारको निर्माण एवं Right of Way को सिद्धान्त अनुरुप निर्माण गर्दाको मापदण्ड एवं नक्सा डिजाइन तयार गरिएको छ ।

**२. पृष्ठभूमि**

काठमाडौं महानगरपालिकाको २७ औं नगर परिषद्बाट काठमाडौं महानगर क्षेत्रभित्रका मुख्य मुख्य सडकको दायाँबायाँ रहेका पेटी तथा चोकमा यात्रुहरुको सुविधाको लागि आधुनिक सेवा सुविधा सम्पन्न एवं सहरी सौन्दर्यलाई समेत मध्यनजर गरी आकर्षक यात्रु प्रतीक्षालय निर्माण गर्ने निर्णय पारित भएको सम्बन्धमा मापदण्ड तयार गरी प्रतीक्षालय निर्माण गर्न दिने उद्देश्यले मापदण्ड तयार गर्न मिति ०७२।१२।२१ गते सम्बन्धित सरोकारवाला सडक विभाग, ट्राफिक प्रहरी कार्यालयसमेतको प्रतिनिधित्व रहने गरी प्रशासन विभागका विभागीय प्रमुखको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरिएको र कार्यदलले पटक पटकको छलफलबाट निकालेको निष्कर्षको आधारमा सिफारिश गरेबमोजिम यो मापदण्ड तयार भएको हो । प्रतीक्षालयसम्बन्धी विभिन्न नक्सा डिजाइन, प्रतीक्षालयमा न्यूनतम सेवा सुविधा, आर्कषक एवं गुणस्तरीय सामाग्रीहरुको प्रयोग, निर्माण हुने प्रतीक्षालयको ४० प्रतिशत सामाजिक सन्देश (काठमाडौं महानगरपालिका, ट्राफिक प्रहरी, नेपाल प्रहरी, सडक विभाग एवं नेपाल सरकारको अन्य) र बाँकी ६० प्रतिशतमा विज्ञापन (निषेधित विज्ञापनबाहेक) राख्ने गरी संरचना तयार हुनुपर्नेछ । यात्रु प्रतीक्षालय/सार्वजनिक शौचालय निर्माण गर्ने सम्बन्धमा देहाय बमोजिम हुनेछ ।

**क) सहभागितामूलक**

यात्रु प्रतीक्षालय, सार्वजनिक शौचालय जस्ताको भौतिक पूर्वाधार निर्माण गर्दा काठमाडौं महानगरपालिकाको लागत सहभागिता नरहने र सार्वजनिक निजी साझेदारी कार्यक्रमार्फत लगानी गर्न उपयुक्त हुने भएकोले यसको निर्माण गर्दा सडक विभाग, ट्राफिक प्रहरी, यातायात विभाग र आवश्यकता अनुसार अन्य निकायको समेत सहमति/सहकार्यमा यात्रु प्रतीक्षालयको निर्माण हुनेछ ।

**ख) अनुगमन समिति**

यो मापदण्ड अनुसार निर्माण हुने यात्रु प्रतीक्षलय/सार्वजनिक शौचालय निर्माण गरी मापदण्डअनुसार भए/नभएको अनुगमन गर्न काठमाडौं महानगरपालिकाको संयोजकत्वमा ट्राफिक प्रहरी र सडक विभागका प्रतिनिधि अधिकृत रहने गरी ३ सदस्य अनुगमन समिति गठन गरिनेछ । साथै मापदण्ड तयार भई कार्यान्वयन हुनु अगाडि निर्माण भएका यात्रु प्रतीक्षलयको समेत अनुगमन गरी मापदण्ड अनुसार

निर्माण गर्न सम्बन्धित संस्थालाई निर्देशन दिई कार्यान्वयन गराइनेछ । सडक पेटीमा निर्माण गरिने पूर्वाधार सडक विभाग, ट्राफिक प्रहरी तथा अन्य निकायले समेत यसै मापदण्ड अनुसार निर्माण गर्नुपर्नेछ ।

**ग) विज्ञापन र विज्ञापन कर तथा कर दस्तुरसम्बन्धी व्यवस्था**

यात्रु प्रतीक्षालय तथा सार्वजनिक शौचालय निर्माण गर्दा व्यावसायिक उद्देश्यले राखिने विज्ञापनसम्बन्धी का.म.पा. को विज्ञापन बोर्ड तथा प्रचार प्रसार सामाग्री नियमन गर्ने नीति २०७० अनुसार हुने र संरचनाको निर्माण गरेबापत का.म.पा. ले तय गरेबमोजिम कर दस्तुर का.म.पा. मा सम्बन्धित संस्था/कम्पनीले बुझाउनु पर्नेछ ।

**मापदण्ड**

१. सडक ऐन २०३१ को अनुशरण गर्नुपर्ने ।
२. विद्यमान मापदण्ड तथा भवन संहिताको पालन गर्नुपर्ने ।
३. बन्ने संरचना अपाङ्गमैत्री तथा लैङ्गिक मैत्री हुनुपर्ने ।
४. का.म.पा. क्षेत्र भित्रको समिष्टिगत अध्ययन गरी अबको २० वर्षपछि सम्मको सवारी संख्या र चाप एवं अन्य आवश्यकतालाई ध्यान दिई यात्रु प्रतीक्षलयको संख्या र साइज ट्राफिक प्रहरी र सडक विभागको सिफारिस अनुसार हुनेछ ।
५. सम्बन्धित सरोकारवाला निकाय जस्तैः ट्राफिक महाशाखा, सडक विभाग, यातायात व्यवस्था विभाग, विद्युत प्राधिकरण, उपत्यका खानेपानी लिमिटेड, नेपाल टेलिकमसमेतको सहभागिता/सहकार्यमा यात्रु प्रतीक्षलय/सार्वजनिक शौचालय निर्माण हुनेछ ।
६. सडकको किसिम र उपयोगिताको आधारमा प्रतीक्षालयाको डिजाइन फरक फरक हुन सक्नेछ ।
७. कम्तिमा महिनामा एक पटक यात्रु प्रतीक्षलय/सार्वजनिक शौचालय निर्माण भई सोको सम्बन्धित संस्थाले प्रगति खुलाई प्रस्तुतीकरण गर्नुपर्नेछ ।
८. प्रत्येक यात्रु प्रतीक्षलयमा फोहरको व्यवस्थापनका लागि डष्टबिन हुनुपर्नेछ ।
९. यात्रु प्रतीक्षलयको विज्ञापन गर्ने स्थान निश्चित हुनुपर्नेछ । कूल भागको ६० प्रतिशतमा मात्र व्यवसायिक विज्ञापन हुनुपर्नेछ । बाँकी भागमा चेतनामूलक ट्राफिक सन्देश, बस रुट तथा भाडा दर आदि का.म.पा. ले तोकिएको सामाजिक सन्देश हुनुपर्नेछ ।
१०. रात्री समयमा बत्ती बाल्न सोलार सिष्टमबाट बत्ती जडान हुनुपर्नेछ ।
११. सोको मर्मत सम्भार, रङ्गरोगन यथाशीघ्र सम्बन्धित पक्षले गर्नुपर्नेछ ।
१२. यात्रु प्रतीक्षालय सहरी सुन्दरता अभिवृद्धि गर्न आकर्षित गर्ने हुनुपर्नेछ ।
१३. यात्रु प्रतीक्षालयलाई सुविधा सम्पन्न बनाउन आधुनिक प्रविधिहरु जडान गर्दै जानुपर्नेछ ।
१४. शहरी सुन्दरतालाई अभिवृद्धि गर्न तथा यात्रुहरुको सुविधाको लागि (खानेपानी, हरियाली, शौचालय) को निर्माण गर्नुपर्नेछ ।
१५. ८ मि. भन्दा बढी फराकिलो सडकमा सडक विभागबाट र ८ मि. सम्मको सडकमा का.म.पा.ले खुल्ला प्रतिस्पर्धात्मक ढंगबाट निर्माण गर्न स्वीकृत गरिनेछ ।
१६. नक्सा डिजाइनमा विज्ञापन र सामाजिक सन्देश राख्ने सम्बन्धमा ४० प्रतिशत सामाजिक सन्देश र ६० प्रतिशत विज्ञापन राख्ने गरी डिजाइनमा संशोधन गरी सोही अनुसार हुनेछ ।